नेपाली राजदूतावास, मस्को
Embassy of Nepal
Moscow

# प्रेस विज्ञप्ति

रूसमा नेपाली पर्यटन, आर्थिक कूटनीतिका अवसरहरु लगायत समग्र नेपालको प्रवर्द्धन गर्ने हेतुले नेपाली राजदूतावास मस्कोमा आज **NEPAL PROMOTION EVENT 2023** को कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा मस्कोका प्रतिष्ठित रूसी पर्यटन व्यवसायी, नेपालमा उडान गर्ने तथा उडान गर्न इच्छुक विभिन्न एअरलाइन्सका प्रतिनिधि, पर्यटन पत्रकार, युट्युबर, ब्लगर, हिमाल आरोही, कूटनीतिज्ञ, प्रोफेसर, व्यवसायी, गैर आवासीय नेपाली संघ तथा रुस-नेपाल मैत्रीसंघ प्रतिनिधि, दूतावासका कर्मचारी लगायत नेपालसँग सम्बन्धित तथा नेपाललाई माया गर्ने विशिष्ट रुसी व्यक्तित्वहरुको सहभागिता रहेको थियो। कार्यक्रममा उपस्थित विशिष्ट पाहुनाहरुलाई स्वागत गर्दै रुसका लागि नेपाली महामहिम राजदूत श्री मिलनराज तुलाधरज्यूले नेपालमा रुसी पर्यटक तथा पर्यटन व्यवसायीहरुका लागि बहुआयामिक अवसरहरु रहेको र त्यसको सदुपयोग गर्नका लागि हार्दिक अनुरोध गर्नुभयो।

कार्यक्रममा अतिथि वक्ताका रुपमा सोभियत हिरो तथा कस्मोनाट Mr. Vladimir Alexandrovich Dzanibekov, नेपालका लागि रूसी महासंघका पुर्व राजदूत Mr. Velichkin Sergei Vasilievich, गैर आवासीय नेपाली महासंघ अन्तराष्ट्रिय समन्वय परिषद्का अध्यक्ष डा. बद्रि के.सी., गैर आवासीय नेपाली महासंघ राष्ट्रिय समन्वय परिषद् रसियाका अध्यक्ष श्री शिव मणि भुर्तेल, रूसी आरोहि Mr. Ivan Trafimovich Dusharin लगायतले नेपालको पर्यटन, हिमाल आरोहण, संस्कृति लगायत विविध पक्षको सम्भावना तथा वर्तमान अवस्था बारे चर्चा गर्नुभयो। त्यसैगरी, नेपालमा रूसी पर्यटक पठाउने अग्रणी पर्यटन व्यवसायीहरु Mr. Leonid Myasnikov एवं Mr. Sergei Peshkevich ले नेपाल पवर्द्धन सम्बन्धि भिडियो तथा पावरपोइन्ट सामग्री प्रस्तुत गर्नुभएको थियो। साथै, रूसी बैंकर तथा व्यवसायी Mr. Yuriy Gushev ले नेपालमा लगानीको अवसरको विषयमा प्रस्तुति दिनुभएको थियो।

कार्यक्रममा उपस्थित महानुभावलाई नेपाली संस्कृतिको झल्को दिने गरी जीवित देवी 'कुमारी' को प्रदर्शनी गर्नुका साथै नेपाली सांस्कृतिक नृत्यहरु प्रस्तुत गरिएको थियो। कार्यक्रमको अन्ततिर महामहिम राजदूतज्यूले कार्यक्रमका दौरान उठाइएका जिज्ञासाको जवाफ एवं आवश्यक जानकारी दिनुभएको थियो। कार्यक्रमको अन्त्यमा आमन्त्रित अतिथिका लागि नेपाली परिकार सहितको रात्रिभोजको आयोजना गरिएको थियो।

नेपाली राजदूतावास, मस्को
१६ फेब्रुअरी २०२३

नेपाली राजदूतावास
मस्को

2nd Neopalimovsky Perulok, 14/7, Moscow, Tel.: +7 499 252 8215, Fax: 499 252 8000
E-mail: moscow@mofa.gov.np, Website: www.nepalembassyrus.ru